म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७१ मंगलबार, ११ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 28 October 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

साझाकुरा

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ग्यास बुलेटले स्कुटरलाई ठक्कर दिँदा श्रीमान्को मृत्यु, श्रीमती र छोरा घाइते

हेटौंडा, १० कात्तिक/मक्वानपुरको मनहरी गाउँपालिकामा भारतीय ग्यास बुलेटले स्कुटरलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । चितवनबाट मनहरीतर्फ आउँदै गरेको बा.प्र.२-०५७ प ३२३० नम्बरको स्कुटरलाई सोही दिशातर्फ आउँदै गरेको एनएल ०१ एन ०२८० नम्बरको ग्यास बुलेटले ठक्कर दिएको थियो । मृत्यु हुनेमा स्कुटरचालक सिन्धुपालचोकको चौतारा नगरपालिका-५ का ३० वर्षीय केदार श्रेष्ठ रहेका छन् । उनका २८ वर्षीया श्रीमती सरस्वती श्रेष्ठ र २ वर्षीय छोरा प्रवीन श्रेष्ठ भने घाइते भएका छन् । दुर्घटनामा परी गम्भीर घाइते भएका केदारलाई उपचारका लागि हेटौंडा अस्पताल पुर्‍याइए पनि उनलाई चिकित्सकले मृतघोषणा गरेको प्रहरीले जनाएको छ । सरस्वती र प्रवीनको भने चितवनको एलाइभ अस्पतालमा उपचार भइरहेको छ । सरस्वतीको अवस्था गम्भीर र हेको र प्रवीनको अवस्था भने सामान्य रहेको बताइएको छ । ठक्कर दिने ग्यास बुलेट र चालक भारत बिहार घरभएका ५५ वर्षीय मोहमद मतिनलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# आज उदाउँदो सूर्यलाई अर्घ दिएर छठपर्व समापन गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ श्रद्धा, भक्ति र शुद्धताको प्रतीक मानिने तराई-मधेशको महत्वपूर्ण पर्व छठ सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिएर श्रद्धापूर्वक मनाइएको छ ।

छठपर्वको मुख्यदिन सोमबार षष्ठीतिथिका दिन साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिने परम्परा अनुसार ब्रतालुहरु हेटौंडा-१ स्थित राप्तीकिनारमा निर्माण गरिएको छठघाटमा पुगी छठीमाताको पूजाआराधना गरेका हुन् । यस अवसरमा छठघाटलाई पण्डाल, बिजुली बत्ती, टेन्ट र झिलिमिली बत्तीले निकै आकर्षकरुपमा सजाइएको थियो । ब्रतालुहरु जलाशयमा पसी बाँसको चोयाबाट बनेको सुपली र माटोको ढकनीमा उखु, काँचो केरा, कागती, ठेकुवा, बोडी, अदुवाको बोट, स्याउ, जटा भएको नरिवल, भिजाएको केराउ, चामलको अक्षता र पातसहितको मूलालगायत फलफूल तथा प्रसाद राखेर अर्घ दिने परम्परालाई निष्ठापूर्वक पालना गरेका थिए ।



पर्वको विधिवत् समापन भने मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि हुनेछ । भोलि सोमबार व्रतालुहरु झिसमिसेमै नुहाइधुवाई गरी पूजन सामग्रीसहित छठघाट पुग्नेछन् । विगतका वर्षहरुझैं यसवर्ष पनि संयुक्त मधेशी समाज मकवानपुरले छठपूजाको भव्य आयोजना गरेको छ । समाजका सचिव नन्दलाल दासका अनुसार, यसवर्ष करिब ६ सय ५० फिट लम्बाइ र २० फिट चौडाईको पण्डाल निर्माण गरिएको छ भने २५ वटा व्यावसायिक स्टल र बालबालिकाको लागि विशेष फन पार्कको व्यवस्था मिलाइएको छ ।

आयोजकले यसवर्ष करिब ६० हजार भक्तजन तथा अवलोकनकर्ताको भीड लाग्ने अनुमान गरेको थियो । रातभर जाग्राम बस्ने भक्तजन र सुरक्षाकर्मीहरुको सहजताका लागि आयोजकले नि:शुल्क चियापानीको व्यवस्था गरेका छन् । यसवर्ष छठपूजाको कुल अनुमानित खर्च १२ लाख रुपैयाँ रहेको जानकारी दिँदै सचिव दासले हेटौंडा उपमहानगरपालिकाबाट ४ लाख रुपैयाँ आर्थिक सहयोग प्राप्त हुने र बाँकी खर्च चन्दा संकलन तथा भक्तजनले पूजास्थलमा चढाएको भेटीबाट जुटाइने बताएका छन् । छठपर्व कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइन्छ । छठका व्रतालुले कात्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् ।

छठको मुख्यदिन आज साँझ अस्ताउँदो सूर्यलाई पूजाआरधना गरी अर्घ दिइँदैछ । भोलि उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ सम्पन्न हुनेछ । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँचपाण्डव अज्ञातवासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आरधना गरेका थिए । त्यो समयमा पाण्डव विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठव्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठपर्व' मनाउने परम्पराको सुरुआत भएको विश्वास गरिन्छ ।

संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिबिना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्यकिरणको चिकित्सामाथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौँ असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचार समेत खोजिएको छ । साम्बपुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षी दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्व सूर्यको आरधनाको फलस्वरुप रोगमुक्त हुन गएको भन्ने चर्चा छ ।

छठपर्वमा व्रतगरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पाझुप्पा फल चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यसपर्वमा जो व्रत बस्न सक्दैन उसले अर्कोबाट व्रत गराउने गर्छन् । आर्थिक अभाव भएका मानिस भिक्षा वा चन्दा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् । छालासम्बन्धी रोग निदानका लागि, पुत्रप्राप्तिका लागि र भाकल पूरा गर्न मानिसहरु भक्तिमा लीन भएर नजिकैको पोखरी जलाशय कुण्डमा गई यस दिन छठ पूजा गर्दछन् ।

छठको पूजा गर्दा उखु, केराको बोट, बेसार, अदुवा, नरिवल, जौ, भुसुवा, ठेकुवा, फलफूल, मिठाईजस्ता सामग्रीको आवश्यकता पर्दछ । सम्पूर्ण प्राणीलाई विना कुनै भेदभाद समान शक्ति, ताप र किरण दिने समानताको प्रतीक सूर्यको यसै महिमालाई आत्मसात् गर्दै सूर्यको पूजा प्रार्थना र आराधना तन, मन लगाएर चार दिनसम्म गरिन्छ ।

# लक्ष्यको ११ दशमलब ३४ प्रतिशत राजश्व संकलन




साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा बागमती प्रदेश सरकारले वार्षिक लक्ष्यको ११ दशमलव ३४ प्रतिशत अर्थात् सात अर्ब ६४ करोड ५० लाख ८१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य श्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँड आर्थिक वर्ष २०८२/८३ मा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व संकलन हुने अनुमान गरिएकामा साउनदेखि असोजसम्ममा लक्ष्यको १४ दशमलव २१ प्रतिशतअर्थात् चार अर्ब ३८ करोड ८३ लाख १३ हजार मात्र राजस्व संकलन भएको आन्तरिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए । उनका अनुसार चालु आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकमा तीन महिनाको अवधिमा त्यसको करिब १३ दशमलव ३१ प्रतिशत अर्थात एक अर्ब दुई करोड ५२ लाख २६ हजार राजस्व संकलन भएको छ ।

यस्तै प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारीकर शीर्षकबाट आव २०८२/८३ मा आठ अर्ब २५ करोड अनुमान गरि एकामा असोजसम्म २१ दशमलव १७ प्रतिशत अर्थात एक अर्ब ७४ करोड ६१ लाख ५० हजार राजस्व संकलन गरेको छ । प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा यो अवधिसम्ममा एक अर्ब १५ करोड ४६ लाख आठ हजार संकलन भएको छ भने अन्त:शुल्क करबापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा ४२ करोड ११ लाख ३३ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा तीन महिनाको अवधिमा दुई अर्ब ३३ करोड ९९ लाख १६ हजार मात्र प्राप्त भएको सूचना अधिकारी पौडेलले बताए । चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा तीन महिनाको अवधिमा ८७ करोड आठ लाख २० हजार मात्र प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षति लगायतका कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको सूचना अधिकारी पौडेलको भनाइ छ ।

# अझै बाहिरै छन् जेनजी आन्दोलनपछि भागेका ५ हजार कैदी



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ जेनजी प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधारगृहबाट भागेकामध्ये अझै करिब पाँच हजार कैदीबन्दी फरार छन् ।

प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५८५ कैदी र नौवटा बालसुधार गृहबाट ९६४ बालबन्दी गरी १४ हजार ५४९ बन्दी भागेका थिए । तीमध्ये हालसम्म नौ हजार कैदी र ५८२ बालबन्दी गरी कुल नौ हजार ५८२ बन्दी कारागार फर्केका छन् । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार चार हजार ५९६ कैदी र ३८६ बालबन्दी गरी कुल चार हजार ९८२ बन्दी अझै फरार छन् । सरकारले फरार कैदीबन्दीलाई कारागार फर्कन 'अल्टिमेटम' दिएको छ । ठूलो संख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ ।

अभियानअन्तर्गत फरार कैदीलाई नियन्त्रणमा लिँदै सुरक्षाकर्मीले सम्बन्धित कारागारमा बुझाइरहेका छन् । मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो । प्रदर्शनको मौका पारेर सुनसरीको झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, काठमाडौंको नक्खु, डिल्लीबजार, जगन्नाथदेवल, मकवानपुरको भीमफेदी, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, दाङ तुलसीपुर, नौवस्ता बाँके, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट १३ हजार ५८५ कैदीबन्दी भागेका थिए ।

यस्तै, मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधार गृहबाट ९६४ बालबन्दी भागेका थिए । सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन, धादिङ र सप्तरीमा दुई/दुई कैदीको गोली लागेर मृत्यु भएको थियो । यस्तै, नौवस्ता बालसुधारगृहमा झडप हुँदा पाँच र डोटी बालसुधारगृहमा एक बालबन्दीको मृत्यु भएको थियो ।

कारागार कार्यालयले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गराउँदै आएका छन् । सरकारको सूचनालाई बेवास्ता गरी फरार रहेका कैदीबन्दीलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ । देशभरका ७२ जिल्लामा रहेका ७५ वटा कारागार र बालगृहमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार ६४१ कैदी र बालबन्दी रहेका छन् ।

# भारत र चीनसँग मात्रै ३ खर्ब बढीको व्यापार घाटा



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ चालु आर्थिक वर्षको पहिलो त्रैमासमा नेपालले भारत र चीनसँग मात्रै ३ खर्ब बढीको व्यापारघाटा व्यहोर्नु परेको छ । निर्यात भन्दा आयात चुलिँदा नेपालले छिमेकी दुई देशसँग ३ खर्ब ४ अर्ब ४५ करोडको व्यापार घाटा व्यहोरेको हो ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमासिक (साउन-असोज) सम्ममा भारतबाट नेपालले २ खर्ब ५८ अर्ब ८७ करोडको वस्तु आयात गरेको छ । यो अवधिमा ५९ अर्ब १२ करोडको मात्रै वस्तु निकासी गरेको छ । जसबाट पहिलो त्रैमासमा भारतसँग मात्रै नेपालले १ खर्ब ९९ अर्ब ७४ करोडको व्यापार घाटा व्यहोर्नुपरेको छ ।

त्यस्तै, उत्तरी छिमेकी देश चीनसँग नेपालले चालु आर्थिक वर्षको पहिलो त्रैमास (साउन-असोज) सम्ममा १ खर्ब ४८ अर्ब ९४ करोडको वस्तु आयात गरेको छ । निर्यात भने १८ करोड ६४ लाखको मात्रै गरेको छ । जसबाट नेपालले १ खर्ब ४ अर्ब भन्दा बढीको व्यापार घाटा व्यहोरेको छ ।

भारतपछि सबैभन्दा बढी व्यापारघाटा रहेको मुलुकमा चीन पर्ने गरेको छ । त्यस्तै, नेपालले अफगानीस्तान, अर्जेनटिना, अस्ट्रलिया, बंगलादेशदेखि अमेरिकी मुलुकसँग पनि ठूलो व्यापारघाटा व्यहोरेको छ ।

नेपालले १ सय ४० देशसँग वैदेशिक व्यापार गर्दै आएकोमा साइप्रस, बहामासलगायत केही देशसँग वैदेशिक व्यापार नाफामा गर्दै आएको विभागको तथ्यांकले देखाउछ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# ठेक्का किन रुग्ण हुन्छन् ?

हाम्रो समाजमा कुनैपनि ठेककापट्टाको काममा निर्माण ब्यवसायीलाई मात्र दोष दिइने गरेको पाइन्छ । केही निर्माण ब्यवसायीले गरेको बदमासीका कारण आम निर्माण ब्यवसायीलाई हेर्ने दृष्ट्रिकोण नकारात्मक बनेको छ । हाम्रो समाजमा अरुलाई दोष दिएर आफू चोखो र निर्दोष बन्ने होड नै चलेको छ । ठेक्का रुग्ण हुनुमा निर्माण ब्यवसायीको मात्र दोष छैन । ठेक्का लगाउने कार्यालयका कर्मचारीले गरेको बदमासी यति धेरै छन् कि त्यो बयान गरिसाध्य छैन । फरक यतिमात्र हो कर्मचारीले आफू तल पर्ने गरी कामै गर्दैनन् । ठेक्का लगाउने कार्यालयका कर्मचारीले खाने गरेको कमिसनको कतै पनि प्रमाणित हुँदैन र कर्मचारी सँधै पानीमाथीको ओभानो देखिन्छन् । विकासे अड्डाका कर्मचारी दुधले नुहाएका भने छैनन् । तर, दोष जति निर्माण ब्यवसायीमाथि थोपारिन्छन् । सरकारले धमाधम रुग्ण ठेक्का तोड्न थालेको छ । ठेक्का सम्झौता गर्ने तर, समयमै काम सम्पन्न नभएका आयोजनाको ठेक्का तोड्न थालेको हो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मातहतका निकायबाट ठेक्का तोड्न थालिएको छ ।

सिंचाई मन्त्रालयले ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका सिंचाइतर्फका १२ रुग्ण ठेक्का तोडेको छ । साविकको जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय नं २ जलेश्वर महोत्तरीअन्तर्गतका १२ रुग्ण ठेक्का तोडिएको छ । बबई सिंचाई आयोजनाका ६ रुग्ण ठेक्का तोड्न ३० असोजमा १५ दिने सार्वजनिक सूचना प्रकाशित भइसकेको उर्जा मन्त्रालयले जानकारी दिएको छ । ऊर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर, काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिए । सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना, जनकपुरधामले आईतवार सार्वजनिक सूचनामार्फत् १६ जेठ २०८१ र १ साउन २०८१ मा ठेक्का अन्त्य गर्ने आशयको सूचना दिइएपनि निर्माण व्यवसायीबाट सम्झौता बमोजिम काम सम्पन्न नगरी निर्माण अलपत्र पारेकाले ठेक्का अन्त्य गरिएको जनाएको छ । कार्यालयबाट पटकपटकको अनुरोध तथा सर्वाजनिक सूचना जारी गर्दासमेत काम गर्न कुनै ध्यान नदिइएको हुँदा सम्झौतामा उल्लेखित प्रावधानअनुसार कार्यसम्पादन जमानत जफत गर्ने कारबाही अगाडि बढिसकेको जनाएको छ । सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ४० रुग्ण ठेक्का तोड्ने प्रक्रिया सुरु भएको छ । सडक विभागअन्तर्गत् सडक डिभिजन कार्यालय तुम्लिङटार, इलाम, हेटौंडा र नेपालगञ्जले आईतवार आफू मातहत रुग्ण अवस्थामा रहेका ४० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका छन् । तुम्लिङटारले १७, इलामले १२, हेटौंडाले ७ र नेपालगञ्जले ४ ठेक्का गरी ४० ठेक्का ठेक्का किन नतोड्ने ? भन्दै आईतवार सार्वजनिक सूचना जारी गरेका छन् ।

विभिन्न सडक डिभिजन कार्यालयले यसअघि रुग्ण ६८ ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइसकेका छन् । ठेक्का तथा योजनाको पटकपटक म्याद थप भई तोकिएको अवधिमासमेत निर्माणकार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माणकार्य अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिकरुपमा उपस्थित नभएर आधारभूतरुपमा ठेक्का सम्झौता उल्लंघन गरेको उल्लेख छ । सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्नसक्ने संसोधित कार्यतालिका, स्रोतसाधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिवद्धता र ठेक्का नतोड्ने कुनै मनासिव कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ । यो अवधमिा काम सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद कानूनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेश्की जमानत जफत र पेश्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकीसरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ । निर्माण व्यवसायी महासंघले सरकारले आयोजनाको ठेक्का तोड्नु गलत भएको बताएको छ । पछिल्लो समय विकासे मन्त्रालले रुग्ण आयोजनाको ठेक्का अन्त्य गरिरहेको भन्दै महासंघले विरोध गरेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक १२ गते बुधबार २९ अक्टोबर २०२५ । अष्टमी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१३ सूर्यास्त ५:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | तुला | : मन खिन्न हुन सक्नेछ |
| वृष | : उदर-विकार हुन सक्नेछ | वृश्चिक | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| मिथुन | : परिवारमा उन्नति हुनेछ | धनु | : राजनीतिमा सफलता मिल्नेछ |
| कर्कट | : काममा रोकावट आउन सक्नेछ | मकर | : काममा विलम्ब हुनेछ |
| सिंह | : शुभ समाचार सुन्न पाइनेछ | कुम्भ | : मनोकांक्षा सिद्धि हुनेछ |
| कन्या | : मान सम्मान पाउन सकिनेछ | मीन | : गरेको कार्यमा सफलता मिल्नेछ |

# थोत्रा दलको झोला बिसाउने उत्तम अवसर



✍ डा. जगन कार्की

नेपालमा भएको जेनजी आन्दोलनसँगै राजनीतिक दलका नेता र भातृसंस्थाका नेताहरु चेतना बढेको पाइन्छ । नागरिकहरुमा पनि अब जनताका मुद्दा र गुण-दोषका आधारमा विकसित लोकतन्त्रको अभ्यासलाई प्राथमिकता दिनुपर्ने बहस सुरु भएको देखिन्छ । सयौं घाइते हुनुका साथै ७६ जनाले ज्यान गुमाउनु र सिंहदरबार, संसद् भवनदेखि अदालत एवं सरकारी कार्यालयहरूमा आगजनी तथा तोडफोड हुने अवस्था देश नै सखाप बनाउने योजना जस्तो देखियो । २ दिनको आन्दोलनमा भएको आगजनी र लुटपाट हालसम्म नेतृत्वमा रहेकाहरूको सामूहिक असफलता त हो नै, प्रहरीको गुप्तचर र सेनाको गुप्तचरदेखि सम्पूर्ण राज्य संयन्त्र नै फेल भएको नमूना हो । राज्य संयन्त्र कति निरीह र ककम रहेछ भन्ने गतिलो पाठ पनि हो । गलत व्यक्ति र प्रवृतिलाई मलजल गर्नुको बिस्फोट हो । साथै, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मलजल गर्ने हरेकको असफलता हो यो ।

यी तमाम घटनाबाट भ्रष्टाचार र कुशासनले आक्रान्त जनता र दलका सामान्य कार्यकर्तामा ठूलो मानसिक परिवर्तन आएको पाइन्छ । देशको यस्तो हरिबिजोग हुँदा पनि शीर्ष नेतृत्वले पद र सत्ताप्रति देखाएको आशक्ति, नातावाद र कृपावादको पराकास्टा हो- जेनजी आन्दोलन । प्रविधिको विकाससँगै देश, जनता र युवामा आएको चेतनासँगै परम्परागत मानसिकता र शैलीले देश अघि बढ्न्ने अवस्था पटक्कै थिएन । जनतको असन्तुष्टिको चुली सामाजिक सर्ञाल बन्दको मौकामा बिस्फोट भएको मात्र हो । विकसित लोकतान्त्रिक मुलुकको राजनीतिक अभ्यासमा सामान्य नेता हुन पनि कति नैतिकताको कसी चाहिन्छ । चुनावमा टिकटदेखि नेतृत्वमा पुग्नसम्म हरेक कार्यकर्ताको मताधिकारका साथै आवश्यक न्यूनतम योग्यता क्षमताको स्पस्ट प्रमाण नभई कुनै ८ कक्षा पास नेतृत्वमा पुग्न नै कठिन छ । नेपालका दलहरुले अभ्यास गरेका गुट र ठुटे नेताको आशिर्वादविना दलको प्रतिनिधि, उम्मेदवार बन्न मुस्किल छ । कांग्रेस, एमालेमा त केही देखावटी अपवादबाहेक आम उम्मेदवारी नेताको निगाह र पैसामा हुने गरेका थिए ।

सन् २०१८ ताका गरेको एक अनुसन्धान अनुसार धेरैजसो विकासशील देशहरूमा राजनीतिक प्रतिस्पर्धाको स्वरूप विचार धारात्मक वा कार्यक्रममूलक प्रतिवद्धताभन्दा बढी दल र मतदाताबीच हुने गैर-कार्यक्रमात्मक लेनदेन हुने गरेका छन्, जस्तै- भोट किनबेच, पक्षपात र संरक्षणवाद । यो प्रवृतिले मतदादालाई ग्राहकका रुपमा चित्रण गरेको छ । हालका अध्ययनहरूले यस्ता लेनदेनमा मत आदान-प्रदान हुने प्रणालीहरूमा पनि बिस्तारै दलप्रतिको दृढ निष्ठा वा स्थायी रूपमा दलीय झोलाबाहकहरू विकास हुने गरेको तथ्य पुष्टि गरेको छ । यी तथ्य हाल कांग्रेस-एमाले पार्टीमा देखिएका कट्टर झोलाबाहक र दललाई धर्मजस्तै अपरिवर्तनीय रूपमा लिने कार्यकर्ताको अन्धसमर्थनले पुष्टि गर्दछ । जसमा कुनै समय दलमा लागेको हिसाबले लाभ लिएकाहरू व्यक्तिहरु बढ्दी देखिने गरेका छन् ।

रोचक कुरा के छ भने, विकासशील लोकतन्त्रमा दलीय कट्टरपन रहेको जनसंख्याको ढाँचा उन्नत लोकतन्त्रको ढाँचासँग मिल्दोजुल्दो पाइन्छ । यस्ता सन्दर्भमा दलीय कट्टरपनले मतदाताको रोजाइलाई स्थिर बनाउने, राजनीतिक तर्कलाई आकार दिने र निरन्तर मतदाताको व्यवहारलाई सुदृढ गर्ने कार्य गरेको कुरा हेथ र जिग्फेल्डको अध्ययनले देखाएको छ । यसले पुष्टि गर्छ कि राजनीतिक लेनदेनहरू प्राय: भौतिक प्रोत्साहनहरूमा आधारित भएता पनि भावनात्मक र संज्ञानात्मक सम्बन्धहरूले लोकतान्त्रिक सहभागितालाई अझ स्थायी बनाउन सक्छन् । तर, दलीय कट्टरपन र प्रलोभनमा भोट हाल्ने प्रथाको सहअस्तित्वले यस्तो निष्ठाको वास्तविक प्रेरणाबारे गम्भीर प्रश्न उठाउँछ । विभिन्न विद्वानहरुका अनुसार पार्टीगत निष्ठा प्राय: विचार धारात्मक विश्वासबाट होइन, बारम्बार हुने लेनदेन र नाफा घाटाको सम्बन्धबाट विकसित हुन्छ ।

उदाहरणका लागि, Calvo र Murillo (२००४) ले देखाएअनुसार अर्जेन्टिनाको पेरोनिस्ट पार्टीले निरन्तर दलीय सोर्सफोर्सका अधारमा कार्यकर्तालाई जागिर र स्रोत साधन सुनिश्चित गरेर दीर्घकालीन मतदातामा निष्ठा कायम राख्न सफल भयो । त्यस्तै स्नाइडरले सन् २०२० मा गरेको एक अध्ययनले भारतको गाउँ स्तरको राजनीतिमा मतदाताहरूले गाउँ अध्यक्ष आफैंसँगैको पार्टीका भए निजी फाइदा प्राप्त हुने अपेक्षा राख्ने गरेको देखाएको छ । दक्षिण एशियाका नृविज्ञानसम्बन्धी अध्ययनहरूले पनि मतदाताको निष्ठा प्राय: पहुँच, प्रभाव, र भौतिक लाभप्रतिको धारणामा आधारित हुने देखाएका छन् ।

कमजोर संस्थागत संरचना, चरम जातीय विभाजन र अनौपचारिक राजनीतिक अभ्यास विद्यमान भएका सन्दर्भहरूमा अध्ययनहरूले देखाएअनुसार, चुनावी लेनदेनका सम्बन्धहरूले पार्टीगत पहिचानलाई अझ बलियो बनाउने सम्भावना रहेको अर्को अध्ययनले देखाएको छ । विभिन्न अध्ययन अनुसार समष्टिगत रूपमा विकासशील लोकतन्त्रहरूमा दलीय कट्टरपना विचारधारात्मक एकरूपताको अभिव्यक्तिभन्दा बढी यस्तो राजनीतिक प्रणालीको व्यावहारिक अनुकूलन हो, जहाँ नागरिक र राज्यबीचको सम्बन्ध ठोस लाभको आदान प्रदानमा आधारित हुन्छ । नेपालका दलहरुको अभ्यास अनुसार गुट र ठुटे नेताको आशिर्वादविना दलको प्रतिनिधि वा उम्मेदवार बन्न मुस्किल छ । कांग्रेस, एमालेमा त केही देखावटी अपवादबाहेक आम उम्मेदवारी बिक्रीमा हुने गरेका छन् । मालदार नियुक्ति, संवैधानिक पददेखि राजदूतसम्म बेचिन थालिउका यावत अभ्यास लेनदेन र सट्टावाजीको राजनीतिमा आधारित छन् ।

पछिल्लो अवस्थामा शिक्षा, चेतना र रेमिट्यान्समा आधारित आर्थिक निर्भरता राजनीतिले मतदातासँग गर्ने बजार व्यवस्थामा फेरिएको छ । मानिसहरु लोभमा परेर नेतासँगै सती जान छोडे । २०४६ साल वरिपरि जन्मिएको पुस्ताले ३५-४० वर्ष पुगेर सचेत र गुणात्मक परिवर्तनको चाह राख्न थाले । राजनीतिक बजारको हिसाब-किताब बिग्रिन थालेर हालको जेनजी बिद्रोहले यो परिदृश्य बिस्फोटको अवस्थासम्म आइपुगेको हो । एक देशभक्त नागरिक्ले फलानो दल फलानो नेता भानेर कुल देवता थपना गरनु, देशप्रति धोका हो । अब देशमा द्वन्द्व र हिंसा अन्त्य गरी सबैमा सद्भाव, विवेक र सहअस्थित्व कायम गर्दै नवनिर्माण, विकास र प्रगतिपथमा लम्किने सामुहिक चेत तथा संस्कार विकास हुन जरूरी देखिन्छ । संरचना खरानी भए पनि हाम्रो सकारात्मक सोच, सामुहिक प्रयास र विषम परिस्थितिमा एकता नडमगाओस् ।

मेरा बाजे, बाऊ फलानो पार्टीमा थिए, म पनि यो पार्टी आजीवन छोडदिनँ भन्ने हठले ओली-देउवा जस्ता शासकले जरा गाडने स्थान पाएका थिए । बाउ बाजेको समयअनुसार स्वतन्त्रता र लोकतन्त्रका लागि लडेका दल र नेता त्योबेला उपयुक्त रहे पनि अहिले समय सान्दर्भिक नरहेको हालको बिस्फोटले देखाइसकेको छ । यसर्थ, सक्षम नेता र उम्मेदवारलाई खोजीखोजी मतदान गर्ने बेला आएको छ । वि.सं.२०४६ पछि शासन सत्तामा आएका राजनीतिकर्मी आफैं अभिजात वर्गमा परिणत भए । ०६३-०७३ पछि उदाएका कम्युनिस्ट क्रातिकारीहरू यसरी नै नवसामन्तमा रूपान्तरण भए । लोकतन्त्रको छहारीमा युवा र मध्यम वर्गले ओत नपाएर वैदेशिक रोजगारी र पलायनको बाध्यात्मक परिस्थिति सिर्जना भएको हो । हालयस्तो परिस्थिति बनेको छ कि आम मानिसमा नेताको अविश्वसनीयता र राजनीतिको चरम भ्रष्टीकरणले केही देला, होला भन्ने आश मरेको छ । विशेष गरेर स्थापित भनिएका दलहरूका सन्दर्भमा । लोकतन्त्रमा एक दल या एक नेतामात्रै गतिलो भएर हुन्न । सबै दलहरु सुध्रिनुपर्छ । साथै नागरिक चेतनाको विकास नभइ दिगो विकास र समृद्धि सम्भव छैन । सबैले नयाँ पुस्ता र समयको मागलाई अङ्गीकार गर्न तयार नभइ यी तमाम सुधार सम्भव देखिँदैन । यसर्थ, थोत्रा राजनीतिक दलका झोला बिसाउने उत्तम अवसर यही हो ।

### अगाडिको बाटो

बालेन, हर्क, गोपी हमालहरुमा गरिएको प्रयोग सफल भएको संसदीय व्यवस्थामा एकाध स्वतन्त्रले जितेर सरकार बन्दैन । यसपालि नयाँ दल भनेर व्यक्तिलाई हिरो बनाएर आए सफल नहुने अनि वैकल्पिक भन्ने राजनीतिक चरित्र नभएकाबाट पनि नहुने देखियो । पुराना दलहरु कांग्रेस, एमाले, राप्रपाका पुराना नेताहरुका कारणले गर्दा यी दलहरुको जमानत जफत हुने निश्चित प्राय: देखिएको छ । पुराना दलका पुराना नेता मात्र हैन, हाल कायम नेतृत्वमा दलहरु चुनावमा गए दलमा रहेका युवा र आश लाग्दा नेताहरु सबैको जमानत जफत हुने देखिएको छ । कांग्रेस, एमाले र माओवादीमा तात्विक भिन्नता रहेन । विशेष गरेर २०७२ को संबिधान बनेर नयाँ अवस्था स्वीकार गरेका यी दलहरु कोरा सैद्दान्तिक रुपमा जे-जे जामा लगाएर छुट्टै दल भएको नाटक गरे पनि व्यवहारिक र चरित्रमा अब फरक रहेनन् । यो अवस्थामा नेपालमा एउटा गतिलो सामाजिक लोकतान्त्रिक धारको गतिलो नयाँ दल उदाए पुराना दलका गतिला नेता-कार्यकर्ताहरु एक ठाउँमा उभिने जमिन तयार हुन सक्ने देखिन्छ ।

नयाँ बन्ने वैकल्पिक राजनीतिमा नयाँ परीक्षित नभएका र राजनीतिक चरित्र नसिकेका व्यक्तिहरु आउने हुँदा त्यसले मात्र देशको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दाहरुलाई बोक्न कठिन देखिन्छ । बेलाबेला नयाँ बनेर आएका माओवादी, मधेसी फोरम, साझा, विवेकशील र नयाँ शक्तिदेखि रास्वपासम्मको प्रयोगले यो पुष्टि गरेको छ । यो अवस्थामा हाल पुराना पार्टीका सम्भावना भएका जुझारु युवाहरु, विवेकशील, नयाँ शक्ति, जेनजी अभियानमा उदाएको शक्ति, बालेन शाह, सुमना श्रेष्ठ र कुलमानदेखि महावीर पुनसम्म अटाउने एउटा नयाँ राजनीतिक शक्ति निर्माण हुन सके नेपालले खोजेको परिवर्तनका लागि एउटा कोशेढुंगा बन्न सक्ने देखिन्छ ।

(साभार: अनलाइनखबर)

# स्वतन्त्रता तथा दासत्वयुक्त चक्रको दोसाँधमा जीवन

✍ शिशिल चित्रकार

प्राचीनकाल, मध्यकाल, आधुनिक कालसम्मको मानव इतिहासमा विभिन्न देशमा भिन्न-भिन्न समयमा दासप्रथाको अन्त्य भएको हो । यस्तै नेपालमा पनि चन्द्र शमशेरको पालामा दासमुक्त गरी चन्द्रनिगाहपुर बस्ती बसालेको इतिहास साक्षी छ । तर आजको आधुनिक समाजमा दास र दासत्वको पर्याय फरकरुपमा झन् बढेको देखिन्छ ।

आज राजनीतिक, प्रशासनिक, न्यायिक, अर्धन्यायिक, निजी क्षेत्रदेखि घरपरिवार मा समेत 'हुन्छ', 'हस', 'नाइँ', 'हुँदैन' भन्ने चलन नै समूगत घेरा स्वार्थमा बल्झेको आभास हुन्छ । सही र गलतको वास्तविक पहिचानमा व्यक्तिहरुको अक्षमता- मन परेको, इच्छा गरेको, मन नपरेको, इच्छा नभएको, फाइदा हुने, नहुने आदि सवालमा केन्द्रित भएर आफ्नो स्वतन्त्र अस्तित्व नै गुमाइरहको अवस्थालाई शारीरिक दासको रुप नभए पनि मानसिक दास र स्वतन्त्रताको विरुद्धको सघर्षको पर्यायवाचीको रुपमा लिन सकिन्छ । आज समाजमा 'हुन्छ', 'हस' भन्ने शब्द चाकडी-चाप्लुसीको पर्याय त भएन ? वा सत्यको पक्षको लडाइँका लागि 'हुँदैन', 'नाइँ' भन्ने साहस र विवेकको कमी भएको नै मान्न सकिन्छ । यहाँ हस र हुन्छ भन्ने शब्दको मर्यादा, अनुशासन पनि भुल्न नहुने एकातिर छ भने अर्कोतर्फ सत्य-असत्यमा भेद गरी व्यक्तिको स्वतन्त्रता कायम गर्न अथवा दास प्रवृत्तिको विरुद्ध जागरण नै सही अर्थमा जीवनको उद्देश्य हुनुपर्ने यथार्थबाट उन्मुक्ति हुनुहुँदैन ।

यही दुई-चार शब्दमा अल्झिरहेको तथा यसैमा निहित कार्यबाट परिचालित समाज नै आजको परिचय भएको छ भने चाकडी-चाप्लुसीविरुद्ध स्वतन्त्रता लडाइँ अथवा सत्यको लडाइँको लागि हुँदैन र नाइँको बुलन्द आवाज आउनुपर्ने आजको आवश्यकता देखिन्छ । यसमा भेद गर्न नसकेमा मानिसहरु सही अर्थमा स्वतन्त्र रहेका मान्न नसकिने देखिन्छ । यसको विपरीत हुन्छ र हसको मारमा सत्यलाई पछाडि पारेर व्यक्तिको स्वतन्त्रतालाई जन्जिरमा बाँध्ने वा दासत्व स्वीकार गरेको ठहरिन्छ । सत्य र असत्य आफूलाई ठीक लागेका, आफ्नो हित हुने मापदण्ड होइन, न्याय र अन्यायको तथा कानुनको मापदण्ड हुनुपर्ने कुरा पनि भुल्न सकिँदैन । तर आज समाजदेखि संघसंस्थाका हरेक क्रियाकलाप यही सत्य-असत्य, ठीक-बेठीक छुट्याउनमा नै अलमल भई बहुसंख्यक जनता र सोही अनुरुप कैयौं संघसस्थाको कार्य, निर्णय असत्यको आधारमा हुने भएकोले नै आजको विषम परिस्थिति आएको भन्न सकिन्छ । हरेक मानवको आफ्नो स्वतन्त्र अस्तित्व त सत्य र असत्यको बीच भेद गर्नु, असत्यलाई पन्छाउनु, सत्यको लागि जीवन अर्पित गर्नु हो । यसमा कतिको त सफल वा असफल भन्ने पनि आ-आफ्नो मापदण्ड हुन्छ ।

समूहगत स्वार्थमा अल्झिनु, समूहगत स्वार्थमा बाँधिनु, समूहगत कुरामा लाग्नुपर्ने बाध्यताले व्यक्तिलाई आफ्नो स्व-अस्तित्व स्वतन्त्रता नै बन्धकीमा राखी दास मनोवृत्तितर्फ उन्मुख आधुनिक प्रजातन्त्र, गणतन्त्र आदि जे-जस्तो नाम दिए पनि के फरक पर्छ । संसारमा कैयौं शताब्दीअघि दासप्रथा उन्मूलन भएको मानव इतिहास छ । नेपालकै कुरा गर्दा राणाकालमा दास उन्मूलन भएको अवस्थामा आजको यो समूहगत घेरामा हुने नवीनतम दासप्रथाको उन्मूलनको लागि के-कस्तो पद्धति चाहिने हो ?

समूहगत घेरामा बसेर जे-जस्तो असत्यलाई पनि सत्य साबित गर्ने परम्परा अथवा आफ्ना गल्तीलाई जसरी भए पनि ढाकछोप गर्ने प्रवृत्ति वा अन्य पक्षको सत्यलाई पनि असत्य साबित गर्ने परिपाटी नै समूहगत परिचय हो त ? यस्तो हो भने समूहगत अवधारणाले व्यक्तिको स्वतन्त्र चिन्तन गर्ने अधिकारमाथि कुठाराघात गरेको मान्न सकिन्छ कि सकिँदैन । सरकार र निजी क्षेत्र तथा आम सर्वसाधारण जनता एक-आपसी प्रतिस्पर्धी र बैरीको अवस्था भएको वर्तमान अवस्था हो भने अहिलेको राजनीतिक पद्धतिमा समेत वितृष्णा बढेको नै मान्न सकिन्छ । यो भन्नु नै कतै शोषक र शोषितको पर्याय वा राज्यले सर्वसाधारणमुखी सेवाप्रवाह गर्न चुकिरहेको अवस्था मान्न सकिन्छ कि सकिँदैन ?

संविधानबमोजिमका कैयौं प्रावधानहरु लागू गर्न नसकिरहेको, गर्नलाई विभिन्न ऐन कानुनको अभावको कुराहरु पनि बेलाबखतमा सुन्नमा आइरहेको नै हो । वर्तमान समयमा कानुनको सही कार्यान्वयन नहुनु वा अझ त्यस विपरीत काम-कारबाही हुने परिपाटीलाई न्यूनीकरण गर्दै, जनतालाई पनि क्रमश: कानुन पालन गर्ने परिपाटीतर्फ उन्मुख गराउन केही सहजीकरणका उपायहरु, निणर्यहरुको आवश्यक देखिन्छ ।

वर्तमान समयमा विभिन्न कारणले कैयौं सार्वजनिक निजी सम्पत्ति प्रयोगविहीन अवस्थामा भएको, कैयौं जीर्ण अवस्थामा रहेको, कैयौं समुदायहरुको सामाजिक, आर्थिक समस्याको कारणले कानुनी प्रक्रियागतको अन्जानको अवस्थालाई पहिचान गरी जनताको सुविधा हेतु केही सहजीकरणको कानुनी उपायहरुसमेतको खोजी अनुसन्धान गरी सम्पत्ति संरक्षणतर्फ पहल गर्न सकिन्छ । आज कैयौं निजी सम्पत्तिसमेत विभिन्न कानुनी अड्चन, पारिवारिक झैझगडा, बेमेलको कारणले लथालिंग भइरहेको समेत अनुभूति हुन्छ भने अर्कोतर्फ सार्वजनिक सरकारी जग्गाहरुको विभिन्न प्रकरणहरु सुन्नमा आइरहेको प्रसंगलाई कसरी सम्बोधन गर्न सकिन्छ ? केवल कानुनको आडमा, जनताको कमी-कमजोरीलाई आधार बनाएर राष्ट्रको सम्पत्ति प्रयोगविहीन अवस्थालाई थप प्रयोगको अवस्था बनाउनुको साटो जनतालाई संविधानको भाग ३, धारा ४८ (घ) मा उल्लेख भएको नागरिकको कर्तव्य 'सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु' भन्ने मर्म बुझाउन तथा सहजीकरणको लागि समेत राज्यको क्रियाशीलताको आवश्यता रहेको मान्न सकिन्छ ।

अहिलेको नेपालको अवस्थामा जनता, व्यापारीका यावत् समस्याको पहिचान, समाधानका लागि कार्यपालिका, व्यवस्थापिकाको जोड हुनु आवश्यकता हो । प्रजातन्त्र पुनर्स्थापनापश्चात विभिन्न आरोह-अवरोहपछि हालको गणतान्त्रिक पद्धतिले पनि समाजको रुपान्तरणमा सकारात्मक परिवर्तनको साटो भ्रष्टाचार र विविध विकृतिहरुकै बोलवाला भएको देखिएकोले कतै दलीय व्यवस्था नै नेपालको लागि अफाप त भएन ? यसो भन्नुको अर्थ निर कुंश शासन प्रणालीको समर्थन कदापि होइन । तर आज विभिन्न दलहरुको एक-आपसी आरोप-प्रत्यारोप, एउटै दलभित्र फेरि विभिन्न समूहहरुको अन्तरद्वन्द्व हेर्दा आखिरमा दलहरुको पनि एकै लक्ष्य नभई फरक-फरक स्थार्थको लागि नै वादविवाद भएको तर वास्तविकरुपमा देशका जनताको समस्याहरुको तर्फ चासो कमै भएको महसुस हुन्छ ।

आधुनिक कालको सर्वश्रेष्ठ कहलिएको बहुदलीय व्यवस्थामा नेपाललगायत अल्प विकसित राष्ट्रहरुमा यसको सही सदुपयोग नभएको, बरु आफ्नो समूह गुटबन्दी स्वार्थमै बढी अल्झेर देश-समाजको विकासलाई ओझेल पारेको चित्र पनि प्रस्ट देखिन्छ । कत समूहगत लक्ष्य सुन्दर भएर पनि समूहगत स्वार्थमा अल्झेर सही र गलतको निर्क्योल निकाल्नुभन्दा आफ्नो समूहको कुरालाई जसरी भए पनि सही साबित गर्ने र अर्को पक्षलाई गलत ठहऱ्याउने खेलमा मात्र हुन्दा समूहगत शक्ति बर्बाद भएन र ? दलीय र समूहगत भावनाको नाममा सही र गलत पनि यकिन गर्न नसकेको जमात तयार गर्ने बहुदलीय अभ्यास त भएन ? अझ भन्नुपर्दा व्यक्तिको वास्तविक स्वतन्त्रतालाई कतै बन्धकी राख्ने परम्पराको नराम्रो शुरुवात त भएन ?

मनुष्य जीवनमा कोही पनि पूर्ण सक्षम हुँदैन वा गल्ती नगरेको कुनै व्यक्ति होला भन्ने अनुमान गर्न कठिन नै होला । यस्तो अवस्थामा पनि एक-आपसी गालीगलौज, घात-प्रतिघातको दलीय अभ्यासले समाज देशको भलो गर्न होइन, झन्-झन् भड्खालोमा जानुबाहेक अरु हुन सक्दैन । बरु यसको साटो आ-आफ्नो गल्ती, कमजोरी सुधार गरी स्वच्छ समाजको निर्माणतर्फ सबै वर्ग-क्षेत्रको थप प्रयास वाञ्छनीय छ ।

संविधानको परिकल्पनाअनुसार बहुदलीय व्यवस्थाका विरुद्ध जान सकिँदैन तर यसको सही सदुपयोग, समाजको रुपान्तरण, संविधानको मर्म अनुरुप समाज विकासको लागि व्यक्तिहरु कुनै आस्थामा रहेर पनि सही र गलतको सवालमा कसैको घेरामा नरही स्वतन्त्रता कायम गर्ने, व्यक्तिको स्वत्वको विकासको लागि नै प्रयासरत रहनु आवश्यक हुन्छ । सार्वजनिक संघ, सरकारका कुनै पनि संवैधानिक निकाय, निजी, गैरसरकारी क्षेत्रका कार्य, लक्ष्य, कार्यरत पदाधिकारीहरुको व्यक्तिगत इच्छा, चाहनाको कुरा एकातिर हो तर मुख्य कुरा त पद/कुर्सी अनुरुपको कर्तव्य निर्वाह गर्नु हो । सार्वजनिक निकायमा कार्यरत पदाधिकारीहरुको पद बहाली गर्नुअघि जुन-जुन शपथग्रहण गर्ने परिपाटी छ, त्यो खालि कर्मकाण्डी मात्र त भएन ? यसको मर्म नै बुझाउन सकिएन ? अथवा यो शपथग्रहणलाई संविधानको मर्म अनुरुप सुशासन आदिको कुरामा समेत थपी, त्यो बमोजिमको सवल जनमत, कार्यक्षेत्र तयार गर्नु नै आजको अपरिहार्यता हो । संविधानको प्रस्तावनामा उल्लिखित विभिन्न प्रसंगहरुमध्ये 'लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार.... र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, ....दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न ....' भन्ने सन्दर्भमा आज सरकार तथा सेवाग्राहीहरुले के-कस्तो भूमिका निर्वाह गरेका छन् ? त्यसमा स्वच्छ बहस, कमी-कमजोरी सुधार्न सबैको सत्प्रयासको जरुरी छ ।

भाग ७ धारा ७५(१) बमोजिम नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित हुनेछ भनी उल्लेख गरेको स्मरणीय छ । आज देशमा विभिन्न काण्डहरुको चर्चा-परिचर्चा चलिरहेको अवस्था, तिनीहरुको समाधान हेतु कार्यकारिणी अधिकारी मन्त्रिपरिषद् अझ थप सक्रियता, निष्पक्षता, स्वच्छन्दता, सर्वसाधारणसेवी सेवा, भ्रष्टाचार मुक्ततर्फ पाइला चाल्ने पहलकदमी हुन अझ विशेष आवश्यकता हुन्छ । यस विशेष परिवेशमा अझ स्मरणीय हुन आउँछ, आखिर कार्यकारिणी अधिकार भएको मन्त्रिपरिषद्का निर्णय, नीति निर्माण, आयोजना, कार्यक्रमहरु निश्चित तवरले भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व पूरा गर्ने अनुरुप तथा संविधान विपरीत हुन नपर्ने कुरामा विवाद नहोला ।

*(साभार: न्यूज अफ नेपाल)*

# दुई सातापछि प्रहरीमा नयाँ नेतृत्व, प्रतिस्पर्धामा ४ एआईजी



काठमाडौं/प्रहरी महानिरीक्षक (आईजीपी) चन्द्रकुवेर खापुङ यही कात्तिक २६ गते अवकाशमा जाँदैछन् । प्रहरी नियमावलीमा उल्लेख रहेको ३० वर्षे सेवा अवधिका कारण खापुङ २६ कात्तिकको राति १२ बजेबाट अनिवार्य अवकाशमा जाने भएका हुन् । १९ भदौमा जम्माजम्मी ६९ दिनका लागि आईजीपी बनेका खापुङ अवकाशका जाने भएसँगै नेपाल प्रहरीको ३३औँ आईजीपी को बन्ला भन्ने चासो बढेको छ ।

शासन प्रणालीमा 'थिति बसाउने' सन्दर्भमा पनि परीक्षण मानिने आईजीपी नियुक्ति न्यायिक पृष्ठभूमिबाट आएकी प्रधानमन्त्री सुशीला कार्की स्वयंका लागि पनि 'अग्निपरीक्षा' बन्नेछ । किनकि न्यायाधीशको कुर्सीमा रहँदा आफैंले गरेको फैसलाको प्रधानमन्त्रीको भूमिकामा उनी आफैंबाट परीक्षण हुनेछ । यसपटक आईजीपीका लागि मुख्य प्रतिस्पर्धीका रूपमा चार जना एआईजीपीहरू मैदानमा उत्रिएका छन् ।

**को छन् प्रतिस्पर्धामा ?**

आईजीपी बन्न प्रतिस्पर्धामा रहेका ४ प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजीपी) हरू (क्रमशः) हुन्– काठमाडौं उपत्यका प्रहरी कार्यालय रानिपोखरीमा कार्यरत एआईजीपी दानबहादुर कार्की, मानव स्रोत साधन विभागमा कार्यरत एआईजी राजन अधिकारी, केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)मा कार्यरत डा. मनोज केसी र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान (प्रहरी एकेडेमी) महाराजगञ्जमा कार्यरत सिद्धिविक्रम शाह ।

प्रतिस्पर्धीमध्ये कार्की, अधिकारी र केसी गत १५ वैशाखमा एआईजी बढुवा भएका थिए । शाह भने एक महिनापछि १५ जेठमा एआईजी बढुवाका लागि सिफारिस भएका थिए । १८ चैत २०५४ मा प्रहरी निरीक्षकमा भर्ना भएका कार्की, केसी र अधिकारी ४ जेठ २०८१ मा डीआईजी बढुवाका लागि सिफारिस भएका थिए ।

यता आईजीपीको प्रतिस्पर्धामा रहेका शाह राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान अधिकृत (इन्सपेक्टर) मा ५ पुस २०५३ मा भर्ना भएका थिए । २५ पुस २०५८ मा मन्त्रिपरिषद्को निर्णय अनुसार शाहसहितका ४६ जनालाई गुप्तचरबाट स्थानान्तरण गरेर नेपाल प्रहरीमा ल्याइएको थियो । एसएसपीसम्मको दौडमा वरीयतामा अगाडि रहे पनि डीआईजी बढुवाबाट भने शाह पछि परे । जेठमा कार्की, केसी र अधिकारी बढुवा हुँदा त्यसको ६ महिनापछि ९ मंसिर २०८१ मा बल्ल उनी डीआईजी बढुवा सिफारिस भए ।

कार्की, अधिकारी र केसीमा जो आईजीपी भए पनि विद्यमान व्यवस्थाअनुसार १७ चैत २०८४ सम्म प्रहरीको नेतृत्व सम्हाल्ने छन् । १८ चैत २०५४ मा भर्ना भएका उनीहरू २०८४ चैतबाट ३० वर्षे सेवा अवधिका कारण अनिवार्य अवकाशमा जानेछन् । शाह आईजीपी भए भने उनीहरूभन्दा अघि नै भर्ना भएकाले उनी ४ पुस २०८३ मै अवकाशमा जानेछन् ।

यी चार प्रतिस्पर्धी मध्ये एक जना नेपाल प्रहरीको ३३ औं आईजीपी बन्नेछन् । अबको केही दिनमै यसको टुंगो लाग्ने छ । यद्यपि प्रहरी नियमावली अनुसार उनीहरू बाहेक पनि सुशीलसिंह राठौर, उमा चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विक पनि प्रतिस्पर्धाका लागि योग्य छन् । तर २३ असोजमा मात्रै एआईजीमा बढुवा भएकाले उनीहरूको आईजीपी बन्ने सम्भावना न्यून रहेको प्रहरी स्रोत बताउँछ ।

त्यसैले अहिले मुख्य चार प्रतिस्पर्धी आईजीपीमा बढुवाका लागि तीव्र लबिइङमा छन् । आईजीपी प्रतिस्पर्धाको बेला हुने अस्वस्थ खेललाई लक्षित गर्दै २३ असोजको दर्ज्यानी चिह्न कार्यक्रममा आईजीपी चन्द्रकुवेर खापुङले मिडियाबाजीले संगठन बर्बादमात्रै हुने आशय व्यक्त गरेका थिए ।

**अनुभवी कार्की**

बढुवाको पहिलो नम्बरमा रहेका एआईजी दानबहादुर कार्की अहिले काठमाडौंको उपत्यकाको तीन जिल्ला (काठमाडौं, ललितपुर, भक्तपुर) को कमाण्ड कन्ट्रोल गर्ने ठाउँमा छन् । २४ भदौमा जेनजी आन्दोलन हुँदा कार्कीले उपत्यकाको कमाण्ड सम्हालेका थिए । २३ भदौमा भने उपत्यकाको कमाण्ड एआईजीविहीन थियो । उपत्यका कमाण्ड सम्हाल्नु अघि उनी प्रहरी प्रधान कार्यालयस्थित मानव स्रोत साधन विभागको प्रमुख थिए ।

डीआईजी हुँदा भने उनले लुम्बिनी प्रदेशको कमाण्ड सम्हाले । एसएसपीको जिम्मेवारीमा उनले काठमाडौं जिल्ला प्रहरी परिसरको कमाण्ड सम्हाल्दा भुटानी शरणार्थी प्रकरणको मुद्दा चलेको थियो । चुनौतीपूर्ण मानिने काठमाडौं जिल्लादेखि उपत्यकाको कमाण्ड सम्हालेका कार्कीले इमान्दार प्रहरी अधिकृतको परिचय बनाएका छन् । कुनै ठूलो आर्थिक विवादमा नमुछिएका कार्कीसँग फिल्डदेखि आईजीपी सचिवालयसम्म बसेर काम गरेको अनुभव छ ।

विदेशमा विभिन्न तालिम लिइसकेका उनी नेपाल प्रहरीको केन्द्रीय प्रवक्ता समेत भएका थिए ।

**प्राज्ञिक छविका अधिकारी**

राजन अधिकारी लो–प्रोफाइलमा बसेर काम गर्ने प्रहरी अधिकृतको रूपमा चिनिन्छन् । अक्सर उनी बाहिर चर्चामा आउन चाहँदैनन् । प्रहरीभित्र प्राज्ञिक छवि बनाएका अधिकारी अहिले हेडक्वार्टर स्थित मानव स्रोत साधन विभाग प्रमुख छन् । एसएसपी हुँदा पनि उनी यहाँ बसेका थिए । यसअघि हेडक्वार्टरमै रहेको अपराध अनुसन्धान विभागमा पनि कार्यरत उनले डीआईजी हुँदा भने कोशी प्रदेशको कमाण्ड सम्हालेका थिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि लामो समय काम गरेको अनुभव अधिकारीसँग छ । त्यसअघि एसपी हुँदा उनले सिन्धुपाल्चोक प्रहरीको कमाण्ड सम्हालेका थिए । उनी जागिरे अवधिदेखि अहिलेसम्म विवादरहित तरिकाले काम गर्ने प्रहरी अधिकृतको रूपमा चिनिन्छन् । नम्र रूपमा प्रस्तुत हुने उनको शैली छ ।

**निडर केसी**

देशभरको जघन्य अपराध अनुसन्धान गर्ने जिम्मा पाएको सीआईबीको कमाण्ड सम्हालेका डा. मनोज केसी निडर प्रहरी अधिकृतको रूपमा चिनिन्छन् । बहुचर्चित नक्कली भुटानी शरणार्थी प्रकरणको सुत्रधार केसी हुन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुख रहेका बेला उनले यो प्रकरणको अनुसन्धान गरेका थिए ।

हाईप्रोफाइल व्यक्ति जोडिएको यसको मुद्दाको प्रक्रिया भने अहिले उनीसँगै आईजीपीको प्रतिस्पर्धामा रहेका कार्कीले अगाडि बढाएका थिए । यो प्रकरणका केही हाईप्रोफाइल व्यक्ति अझै पुर्पक्षका लागि कारागारमै छन् । सीआईबीमा कार्यरत रहनुअघि केसी हेडक्वार्टर मै रहेको प्रदेश समन्वय विभागमा कार्यरत थिए । डीआईजी हुँदा भने विशेष ब्यूरो र प्रहरी एकेडेमीमा बसेर काम गरेको अनुभव उनीसँग छ । एसएसपी हुँदा अपराध अनुसन्धान कार्यालयपछि उनलाई हेडक्वार्टरस्थित महिला बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयमा सरुवा गरिएको थियो । उनी अपराध अनुसन्धानमा अनुभवी अधिकृतको रूपमा चिनिन्छन् ।

**समन्वयकारी शाह**

आईजीपी बढुवाको चौथो दाबेदारको रूपमा सिद्धिविक्रम शाह अहिले प्रहरी एकेडेमी प्रमुख हुन् । जेनजी आन्दोलनको क्रममा एक समूहले प्रहरी हेडक्वाटरतर्फ नै आक्रमण गर्न खोजेपछि शाहकै निर्देशनमा खटिएको प्रहरी टोलीले आन्दोलनकारीलाई भगाएको चर्चा अहिले प्रहरी हेडक्वार्टरमा छ । त्यतिबेला उनी प्रहरी हेडक्वार्टरस्थित कार्य विभाग प्रमुख थिए । प्रहरीभित्र उनले समन्वयकारी प्रहरी अधिकृतको छवि बनाएका छन् ।

शाह यसअघि डीआईजी हुँदा विशेष ब्यूरोमा कार्यरत थिए । शाह नै विशेष ब्यूरोमा रहेका बेला १५ चैतको घटनापछि फरार भएका दुर्गा प्रसाईंलाई भारतमा 'लोकेट' गरेर काठमाडौं ल्याइएको थियो । त्यसअघि एसएसपी हुँदा उनले जिल्ला प्रहरी परिसर ललितपुरको कमाण्ड सम्हालेका थिए ।

यदि शाह आईजीपी बनेको अवस्थामा नेपाल प्रहरीमा नयाँ इतिहास बन्नेछ । राष्ट्रिय अनुसन्धान विभागमा भर्ना भएर प्रहरीमा स्थानान्तरण हुने अधिकृतबाट उनी पहिलो आईजीपी बन्नसक्छन् । यद्यपि अहिले पनि राष्ट्रिय अनुसन्धान विभागको ट्याग लगाउँदा आफूहरू माथि अन्याय भएको यो टोलीका सदस्यहरूले बताउँदै आएका छन् । त्यतिबेला सरकारले आवश्यकता ठानेर सशस्त्र युद्ध लड्नका लागि प्रहरीमा ल्याइएको र यो केश अदालतबाट समेत सल्टिसकेकाले गुप्तचरको ट्याग लगाउँदा अन्याय हुने उनीहरूको गुनासो छ ।

**परीक्षामा सुशीला र अदालतको आदेश**

१ फागुन २०७३ मा दोस्रो नम्बरमा एआईजी जयबहादुर चन्दलाई आईजीपीमा बढुवा गर्ने निर्णय तत्कालीन सरकारले गरेको थियो । वरीयता मिचेर आईजीपी बढुवा गरिएको दाबी गर्दै त्यतिबेला सर्वोच्च अदालतमा रिट दायर भएको थियो । डीआईजीको वरीयता अनुसार त्यतिबेला पहिलो नम्बरमा नवराज सिलवाल, दोस्रो नम्बरमा प्रकाश अर्याल र तेस्रो नम्बरमा जयबहादुर चन्द थिए । अधिवक्ता कपिलदेव भट्टराईले दायर गरेको रिटमा तत्कालीन न्यायाधीश (हाल प्रधानमन्त्री सुशीला कार्की) को एकल इजलासले चन्दलाई आईजीपी बनाउने निर्णय यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको थियो ।

यो आदेशसँगै चन्द आईजीपी बन्ने बाटो तत्काललाई रोकिएको थियो । त्यसपछि वरिष्ठ एआईजीको रूपमा प्रहरी अस्पतालका तत्कालीन एआईजीपी डा. दिनेशचन्द्र पोखरेललाई निमित्त आईजीपीको जिम्मेवारी दिइएको थियो ।

आफू आईजीपी बन्नुपर्ने भन्दै सिलवाल पनि सर्वोच्च पुगे । सर्वोच्चले सिलवाललाई नै आईजीपी बनाउनुपर्ने आशयको फैसला गर्‍यो । ८ चैतमा सुशीला कार्कीसहितको पूर्ण इजलासले भने जयबहादुर चन्दलाई आईजीपी बनाउने निर्णय खारेज गर्दै कार्यसम्पादन मूल्यांकनमा पहिलो नम्बरमा रहेकालाई छाडेर चौथो नम्बरकालाई बढुवा गर्नु निर्णयकर्ताको स्वेच्छाचारिता रहेको उल्लेख गरेको थियो ।

यसले सिलवाल आईजीपी बन्ने लख काटियो । तर उक्त फैसलामा अगाडि भनिएको थियो, 'प्रतिस्पर्धी चारै डीआईजीहरू मध्ये योग्यतम् र विगत चार आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकनमा औसत उच्च अंक प्राप्त गर्नेलाई तत्काल प्रहरी महानिरीक्षकमा नियुक्त गर्न सरकारको नाममा परमादेश जारी गरेको छ ।' सुशीला कार्कीसहितको पूर्ण इजलासको आदेश अनुसार प्रतिस्पर्धी डीआईजीको कार्यसम्पादन जाँच गर्दा प्रकाश अर्याल पहिलो नम्बरमा आएपछि २८ चैत २०७३ को मन्त्रिपरिषद् बैठकले अर्याललाई आईजीपी नियुक्त गरेको थियो ।

त्यतिबेला न्यायाधीश कार्कीसहितको सरकारले 'पिक एण्ड चुज' अनुसार आफू अनकूलका व्यक्तिलाई आईजीपी बनाउने गरेको भन्दै सरकारको स्वेच्छाचारितामा लगाम लगाएको थियो । अहिले कार्की स्वयं आईजीपी बनाउने भूमिका अर्थात् प्रधानमन्त्री बनेकी छन् । अबको दुई सातापछि नेपाल प्रहरीले नयाँ आईजीपी पाउनुपर्नेछ । यो अवस्थामा विवादरहित तरिकाले कार्कीले कसरी आईजीपी नियुक्त गर्छिन् भन्ने सर्वत्र चासो छ ।

नेपाल प्रहरीका एक पूर्व आईजीपी भन्छन्, 'यहाँ प्रधानमन्त्रीको परीक्षा मात्रै हुने छैन, यो थिति बसाल्ने एउटा प्रारूप पनि हुनसक्छ । यो अग्निपरीक्षामा उहाँ कसरी प्रस्तुत हुनुहुन्छ, त्यो आगामी दिनले देखाउने नै छ ।'

**कानुनी व्यवस्थाले के भन्छ ?**

प्रहरी नियमावली २०७१ को दफा ४१ मा आईजीपी बढुवाबारे उल्लेख गरिएको छ । त्यहाँ बढुवाका लागि के-केलाई आधार मान्ने उल्लेख गरिएको छ । आईजीपीमा बढुवाका लागि एआईजीपीहरूबाट एआईजीपी नभएको अवस्थामा डीआईजीपीबाट समेत बढुवा गर्न सकिने उल्लेख छ ।

अहिले प्रतिस्पर्धीमा एआईजीपीहरू भएकाले उनीहरूमध्येबाटै आईजीपी बन्नेछन् । दफा ४१ मा लेखिएको छ, 'जेष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई आईजीपी पदमा बढुवा गर्नेछ ।'

नियमावलीमा उल्लेख भएका यी आधार तथा प्रावधान र सर्वोच्च अदालतको समेत नजिर लगायतलाई लिएर कार्की नेतृत्वको सरकारले विवादरहित ढंगले कसलाई नियुक्त गर्ला भन्ने चासो छ । किनकि एकाधबाहेक प्रहरीका हरेकजसो बढुवा र आईजीपी नियुक्तिहरू विवादित बन्दै आएका छन् । आईजीपी नियुक्तिमा असन्तुष्टि जनाउँदै प्रतिस्पर्धीले राजीनामा समेत दिएका उदाहरण छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'परिवर्तन'को टिजरमा सुशीलको एक्सन अवतार



काठमाडौं/आगामी माघ ९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'परिवर्तन'को टिजर सार्वजनिक गरिएको छ । छठ पर्वको अवसर पारेर सोमबार युट्युबमार्फत सार्वजनिक टिजरले फिल्मको कथा र पात्रको संघर्षको झलक प्रस्तुत गरेको छ । अन्यायको विरुद्ध लड्ने पात्रको संघर्षलाई केन्द्रमा राखिएको टिजरमा अभिनेता सुशील श्रेष्ठ एक्सन अवतारमा प्रस्तुत छन् ।

टिजरमा सुशीलसहित करिश्मा मानन्धर, अञ्जना बराइली, हेमन्त बुढाथोकी, सिरू विष्ट लगायतका कलाकारहरूलाई पनि देख्न सकिन्छ । करिश्मा विद्रोही महिलाको रूपमा देखिएकी छन् भने अञ्जना इन्स्पेक्टर (प्रहरी निरीक्षक)को भूमिकामा छिन् । टिजर हेर्दा फिल्मले नेपाल-भारत सीमा क्षेत्रमा नेपालीमाथि भइरहेको अन्याय र अत्याचारलाई मुख्य विषय बनाएको देखिन्छ ।

विजय केरुङको निर्देशनमा बनेको यो फिल्ममा सरोज खनाल, सुवास मेचे, बुद्धि तामाङ, पुकार भट्टराई, यामनाथ खरेल, गौतम तिवारी, शंकर श्रेष्ठ, आशा पौडेल लगायतको पनि अभिनय रहेको छ । फिल्मलाई दीपक सिवाकोटीले निर्माण गरेका हुन् । यसमा उनी स्वयंको कथा छ भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन् ।

'शिवाजी: द बोस', 'नानाकु प्रेमथो' जस्ता चर्चित भारतीय फिल्ममा साउन्ड डिपार्टमेन्टमा काम गरेकी गीता गुरप्पा 'परिवर्तन'मा साउन्ड डिजाइनरको रूपमा छिन् । यसमा शिव ढकालको डिओपी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, बन्दे प्रसादको सम्पादन तथा एसडी योगीको संगीत रहेको छ । फिल्मले युवाको विद्रोही सोच, देशप्रतिको जिम्मेवारी र सुधारको चाहनालाई प्रस्तुत गर्ने जनाइएको छ ।

# हर्षवर्धनको 'स्टार पावर': ६ दिनमै 'एक दीवाने की दीवानियत' हिट



एजेन्सी/फिल्म 'सनम तेरी कसम'बाट चर्चामा आएका अभिनेता हर्षवर्धन राणेको नयाँ लभस्टोरी फिल्म 'एक दीवाने की दीवानियत'ले यतिबेला भारतीय बक्स अफिसमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ । दीपावलीको अवसर पारेर २१ अक्टोबरबाट प्रदर्शनमा आएको यो फिल्मले ६ दिनमा नै लगानी सुरक्षित गरेर यस वर्षको हिट सूचीमा आफ्नो स्थान पक्का गरेको छ ।

१० करोडको सानदार ओपनिङ गरेको यस फिल्मले ६ दिनमा ४१ करोड नेट कमाइ गरेको ट्रेड ट्र्याकिङ अनलाइन स्याक्निल्कले जनाएको छ । जबकि, फिल्मको लागत भारू २५ करोड हो । फिल्मले तेस्रो दिनमा नै लागत बराबरको कमाइ गरेको थियो । सोमबार भारतमा छठ पर्वको विदा रहेकाले फिल्मको एक साताको व्यापार ५० करोड पुग्ने प्रक्षेपण गरिएको छ ।

ठूलो बजेट र बलियो स्टारकास्ट रहेको हरर-थ्रिलर फिल्म 'थामा'को बक्स अफिसमा आक्रामक प्रदर्शनका बाबजुद 'एक दीवाने की दीवानियत'ले गरेको कमाइलाई उत्कृष्ट मानिएको छ । यो फिल्मको सफलताको मुख्य आधार हर्षवर्धन राणेको क्रेज र गीतको लोकप्रियता रहेको समीक्षकहरूको विश्लेषण छ । विशाल मिश्राले गाएको फिल्मको 'दीवानियत' गीत यतिबेला चर्चामा छ । मिलप झवेरीको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा हर्षवर्धनले विक्रमा दित्य भोन्सलेको भूमिका निभाएका छन् भने उनको जोडी सोनम बाजवासँग बाँधिएको छ । उनीहरूबीचको प्रेममा आउने उतारचढावमा आधारित यस फिल्ममा शाद रन्धावा, सचिन खेडेकर, अनन्त महादेवन, राजेश खेडा लगायतको पनि अभिनय रहेको छ ।

# 'जारी २'को ट्रेलरमा पारिवारिक विग्रहको कथा



काठमाडौं/उपेन्द्र सुब्बाको लेखन तथा निर्देशनमा बनेको फिल्म 'जारी २'को ट्रेलर सार्वजनिक गरिएको छ । छठ पर्वको अवसरमा सोमबार सार्वजनिक झन्डै चार मिनेट लामो ट्रेलरले श्रीमान्-श्रीमतीको झगडाले निम्त्याउने पारिवारिक जटिलतालाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । ट्रेलरमा लिम्बू समुदायको सांस्कृतिक पहिचान च्याब्रुङको महत्वलाई पनि केन्द्रमा राखिएको छ ।

फिल्ममा दयाहाङ राई र मिरुना मगर श्रीमान्-श्रीमतीको भूमिकामा छन् । ट्रेलरको सुरूमा उनीहरूको सम्बन्ध प्रेमपूर्ण देखिनुका साथै पारिवारिक सन्तुलन राम्रो देखिन्छ । तर, क्रमशः झगडा र मनमुटाव बढ्दै जाँदा पारिवारिक विग्रह उत्पन्न हुन्छ । फिल्मले विवाहिक जीवनका चुनौतीलाई मुख्य कथावस्तुको रूपमा प्रस्तुत गरेको संकेत ट्रेलरले दिएको छ ।

'सङ अफ च्याब्रुङ' उपशीर्षक राखिएको यो फिल्ममा दयाहाङ र मिरुनासहित विजय बराल, बुद्धि तामाङ, ऋचा शर्मा, पुष्कर गुरुङ, प्रेम सुब्बा, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बू, सिर्जना निङ्लेखु, मनहाङ लावोटी लगायतले अभिनय गरेका छन् । कात्तिक २१ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्म २०७९ सालमा ब्लकबस्टर बनेको 'जारी'को सिक्वेल हो ।

बाँसुरी फिल्म्स र कबड्डी फिल्म्सको संयुक्त ब्यानरमा निर्माण भएको फिल्ममा सञ्जय लामाको छायांकन, निमेष श्रेष्ठको सम्पादन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, कोविद बज्राचार्यको ब्याकग्राउन्ड स्कोर र राजेन्द्र मोक्तानको रंग संयोजन रहेको छ । फिल्मका निर्माताहरू रामबाबु गुरुङ, मधु मिजार र जीवन गुरुङ हुन् । कार्यकारी निर्मातामा सागर राज रहेका छन् ।

# पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट शून्य वैदेशिक व्यापार, काठमाडौंबाट ६३ अर्ब



काठमाडौं/पोखरा र भैरहवास्थित दुई अन्तर्राष्ट्रिय विमानस्थल बाट चालु आर्थिक वर्ष २०८२/८३ पहिलो त्रैमासमा वैदेशिक व्यापार सुरु नै हुन नसकेको देखिएको छ । नियमित अन्तर्राष्ट्रिय उडान हुन नसक्दा दुवै विमानस्थल आन्तरिक उडानमा सीमित छन् । जसले गर्दा वैदेशिक व्यापारमा समेत यी विमानस्थलले योगदान दिन नसकेको देखिएको छ ।

भन्सार विभागका अनुसार नेपालमा पहिलो त्रैमासमा कुल २८ भन्सार बिन्दुबाट मात्र अन्तर्राष्ट्रिय व्यापार भएको छ । जसमध्ये विमानस्थल भन्सारको व्यापार काठमाडौंमा मात्र केन्द्रित देखिएको छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भने असोजसम्म ६३ अर्ब रुपैयाँ बराबर आयात-निर्यात भएको छ । यस विमानस्थलबाट ५३ अर्ब २० करोड रुपैयाँ बराबरको वस्तु नेपाल आयात भएको छ भने ९ अर्ब ६९ करोड बराबर वस्तु निर्यात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ ।

अन्य व्यापार भने स्थलमार्गबाटै भएको छ । तीन महिनामा नेपालले कुल ४ खर्ब ६८ अर्बको वस्तु आयात गरेको छ । ७२ अर्ब ७८ करोड रुपैयाँ बराबर वस्तु निर्यात गरेको छ ।

**कुन नाकाबाट हुन्छ धेरै आयात-निर्यात ?**

तीन महिनाको तथ्यांक अनुसार वीरगञ्ज नाकाबाट सबैभन्दा धेरै आयात-निर्यात हुने गरेको छ । यो नाकाबाट २ खर्ब १८ अर्ब ८१ करोडको वस्तु आयात भएको छ । जुन कुल आयातको ४६.७५ प्रतिशत हो । यस नाकाबाट २६ अर्ब ३३ करोड रुपैयाँ बराबर वस्तु निर्यात भएको छ । जुन कुल निर्यातको ३६.१८ प्रतिशत व्यापार हो ।

भैरहवा नाकाबाट ७१ अर्ब ६० करोड रुपैयाँको वस्तु आयात भएको छ । ७ अर्ब ४४ करोडको निर्यात भएको छ । विराटनगरबाट ५८ अर्ब ७६ करोडको आयात हुँदा २१ अर्ब ६६ करोडको निर्यात भएको तथ्यांक छ ।

*(स्रोत: अनलाइनखबर)*

# तीन महिनामा कुरकुरे, लेज र चिजबल आयातमा बाहिरियो २१ करोड



काठमाडौं/चालु आर्थिक वर्षको ३ महिनामा नेपालमा कुरकुरे, कुरमुरे, लेज र चिजबल आयातमा २१ करोड रुपैयाँभन्दा बढी बाहिरिएको छ । भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को ३ महिना (साउन-असोज) सम्म २१ करोड ३४ लाख ५० हजार रुपैयाँ बराबरको कुरकुरे, कुरमुरे, लेज र चिजबल आयात भएको हो ।

यस अवधिमा ४ लाख १३ हजार ३ सय ७८ किलो कुरकुरे, कुरमुरे र लेज आयात भएको छ । यस्तै, उक्त परिमाणको कुरकुरे, कुरमुरे र लेज आयात गरेबापत सरकारले १३ करोड ३५ लाख ७९ हजार रुपैयाँ भन्सार राजस्व संकलन गरेको छ । नेपालमा आउने यी वस्तु भारत, चीन, कोरिया, मलेसिया, मेक्सिको र साउदी अरेबियाबाट आउने गरेको छ ।

सबैभन्दा धेरै भारतबाट १६ करोड ६१ लाख ५१ हजार रुपैयाँको यी वस्तु भित्रिएको छ । यस्तै, मलेसियाबाट ४ करोड ३७ लाख ५४ हजार र दक्षिण कोरियाबाट ३३ लाख रुपैयाँको यस्ता वस्तु आयात भएको विभागको तथ्यांकले देखाउँछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



— छठपर्व मनाउँदै गर्दा राप्ती तट र गोरक्षेश्वरमा गंगा आरती गर्दै —

# मुख्यमन्त्री बानियाँद्वारा आन्दोलनमा क्षति पुगेका कार्यालयको निरीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले भदौ २४ गतेको आन्दोलनका क्रममा क्षति पुगेका बनेपा नगरपालिका र इलाका प्रहरी कार्यालयको निरीक्षण गरेका छन् ।

निरीक्षणका क्रममा उनले आन्दोलनका कारण सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिप्रति दु:ख व्यक्त गर्दै पुनर्निर्माणका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले आन्दोलनका क्रममा क्षति पुगेका संरचना मर्मत तथा पुनर्निर्माणका लागि प्रदेश सरकार र संघीय सरकारबीच समन्वय गरी तात्कालीन राहत र पुन:स्थापनाको कार्य अघि बढाउने योजना रहेको जानकारी दिए । मुख्यमन्त्री बानियाँलाई नगरपालिका कार्यालयको भवन, फर्निचर र कागजातमा भएको क्षतिको बारेमा बनेपा नगरपालिकाका मेयर शान्तिरत्न शाक्यले जानकारी गराएका थिए ।

गत भदौ तेस्रो साता भएको 'जेनजी' प्रदर्शनका क्रममा तोडफोड एवं आगजनीबाट बनेपा नगरपालिमा करिब १० करोड बराबरको क्षति भएको मूल्यांकन गरिएको छ । नगर कार्यालयले गरेको प्राविधिक मूल्यांकनमा यो रकम बराबरको क्षति भएको जनाइएको हो ।

प्रदर्शनका क्रममा नगरको तीनतले मुख्य प्रशासनिक भवन, योजना शाखा र प्राविधिक शाखा रहेको भवन पूर्णरुपमा क्षति भएको नगरले जनाएको छ । नगरको मूल्यांकनअनुसार तीनतले प्रशासनिक भवनको पहिलो तलामा रहेको सभाहल, प्रशासकीय अधिकृतको कार्यकक्ष, महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा, प्रशासन, सहकारी तथा सामुदायिक विकास, राजस्व, जिन्सी, दर्ता चलानी शाखा, पुरुष र महिला शौचालय तथा शाखाका कार्यकक्षभित्र रहेका महत्वपूर्ण अभिलेख तथा दस्तावेज पूर्णरुपमा नष्ट भएको छ ।

वि.सं २०४३ मा निर्माण भएको मुख्य भवनको ह्रासकट्टी सहितको प्राविधिक मूल्यांकनमा पाँच करोड ४२ लाख ५४ हजार ४८७ क्षति भएको जनाइएको छ । निरीक्षणका क्रममा मुख्यमन्त्री बानियाँसँगै बागमती प्रदेशका सामाजिक विकास मन्त्री कञ्चनचन्द्र वादे, बनेपा नगरपालिका मेयर शाक्य पनि सहभागी थिए ।

# कृषि एम्बुलेन्सलाई शववाहन बनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ कृषकको उत्पादनलाई बजारसम्म सहज र सुरक्षितरुपमा पुऱ्याउनका लागि सञ्चालनमा ल्याइएको कृषि एम्बुलेन्सलाई हेटौंडा उपमहानगर पालिकाले शववाहनको रुपमा प्रयोगमा ल्याएको छ ।

भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा आगजनीबाट शववाहन ध्वस्त बनाइएपछि कृषि एम्बुलेन्सलाई शववाहनकारुपमा प्रयोगमा ल्याइएको हो । गएको पुस महिनामा हेटौंडा-१३ स्थित आधामार कृषक समूहलाई कृषि एम्बुलेन्स प्रदान गरिएको थियो । कृषकको उत्पादनलाई बजारसम्म पुऱ्याउने लक्ष्यका साथ एम्बुलेन्स सञ्चालनमा ल्याइएको थियो । तर, अधिकांश कृषकको उत्पादन संकलनको समयमा व्यवसायी स्वयं नै ढुवानीको जिम्मेवारी लिने गरेकाले कृषकले एम्बुलेन्सप्रति खासै चासो देखाएनन् ।

एम्बुलेन्स प्रभावकारी रुपमा सञ्चालनमा आउन नसकेपछि कृषक समूहले गत असोजमा एम्बुलेन्स उपमहानगरपालिकालाई नै फिर्ता गरेको थियो । अन्त्येष्टिकर्ममा शववाहनको अभावले निजी सवारी साधन प्रयोग गर्नुपर्ने दयनीय अवस्था सिर्जना भएको थियो । यस्तो जटिल परिस्थितिलाई सम्बोधन गर्न, उपमहानगरपालिकाले कृषक समूहबाट फिर्ता आएको कृषि एम्बुलेन्सलाई नै शववाहनको रुपमा प्रयोग गर्ने निर्णय लिएको उपमहानगरपालिका प्रवक्ता सविन न्यौपानेले बताए ।

# देउवा दम्पती उपचारका लागि सिंगापुर प्रस्थान

काठमाडौँ/नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थप उपचारको लागि सिंगापुर जान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका छन् ।

भदौ २४ गते जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीको कुटपिटबाट घाइते भएका देउवा पत्नी आरजु राणासहित उपचारको लागि अहिले राति ११ बजेको विमानमा सिंगापुर जान लागेका हुन् ।

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते देउवा दम्पती बूढानीलकण्ठस्थित आफ्नै निवासमा मरणासन्न हुनेगरी कुटिएका थिए । त्यसपछि करिब एक महिना छाउनीस्थित सैनिक अस्पतालमा उपचार गराएका थिए ।

उपचारका क्रममा देउवाको गर्दनमा १२ टाँका लगाइएको कांग्रेसका तत्कालीन उपसभापति अहिलेका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टी कार्यसम्पादन समिति बैठकमा जानकारी गराएका थिए । जेनजी आन्दोलनमा कुटपिट भएपछि असोज २८ गते मात्रै देउवा सार्वजनिक रूपमा देखिएका थिए ।

## ७५ जिल्लाबाट छ हजार ६६८ जनामा डेंगु पुष्टि

# सबैभन्दा बढी डेंगु बागमती प्रदेशमा



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ देशका ७५ जिल्लाबाट छ हजार भन्दा बढीमा डेंगु सङ्क्रमण पुष्टि भएको छ । इपिडिमियोलोजी तथा रोगनियन्त्रण महाशाखा (इडिसिडी)को तथ्यांक अनुसार ६ हजार ६ सय ६८ जनामा डेंगु पुष्टि भएको छ ।

यो समयमा पाँच डेंगु सङ्क्रमितको मृत्यु भएको इडिसिडीका कीटजन्य शाखाप्रमुख डा.गोकर्ण दाहालले जानकारी दिए । उनकाअनुसार डोल्पा र मनाङ गरी दुई जिल्लामा हालसम्म डेंगु सङ्क्रमण पुष्टि भएको छैन । डेंगु सङ्क्रमण सबैभन्दा बढी बागमती प्रदेशमा पुष्टि भएको छ । बागमतीमा एक हजार ६४९ जनामा डेंगु पुष्टि भएको छ ।

त्यसैगरी, गण्डकी प्रदेशमा एक हजार ६३१, लुम्बिनीमा एक हजार ११७, कोशीमा ८९६, सुदूरपश्चिममा ७६२, कर्णालीमा ४७४ र मधेशमा १३९ जनामा डेंगु पुष्टि भएको छ ।

चिकित्सकका अनुसार डेंगु रोग एडिज जातका लामखुट्टेको टोकाइबाट सर्दछ । एडिज जातका लामखुट्टे सफा पानी जम्मा भएको जुनसुकै भाँडोमा हुर्कन सक्छ । सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार असाध्य शरीर दुख्ने, खाना खान मन नलाग्ने, पखाला लाग्ने डेंगुका प्रमुख लक्षण हुन् । त्यो बाहेक, उच्च ज्वरो आउने, जोर्नी र मांसपेशी, आँखाको गेडी, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनेजस्ता लक्षण देखिन्छ ।

डेंगु भएको बेलामा चिकित्सकको सुझावमा मात्र औषधि सेवन गर्न डा. पुनले आग्रह गरे । ज्वरो आएमा, खोकी लागेमा वा श्वास फेर्न गाह्रो भएमा तुरुन्त स्वास्थ्य संस्थामा गएर चिकित्सकसँग परामर्श गर्न उनले अनुरोध गरे । डेंगु सङ्क्रमणको जोखिम कात्तिक अन्तिमसम्म रहने भएकाले थप सचेत रहन चिकित्सकको आग्रह छ ।

# सञ्चालन मापदण्ड र कार्यविधि अभावमा बागमतीका ६ आयोजना अलपत्र

हेटौंडा/बागमती प्रदेश सरकारको लगानीमा ६ वटा आयोजना निर्माण भएका छन्, तर सञ्चालन मापदण्ड र कार्यविधि तयार भएको छैन । जसकारण निर्माण सम्पन्न भएका र अन्तिम चरणमा पुगेका आयोजना प्रयोगविहीन अवस्थामा छन् ।

प्रादेशिक कृषि थोक बजार, शीत भण्डार, घरेलु उद्योग प्रदर्शनी केन्द्र, भ्युटावर लगायत बागमती प्रदेश सरकारको पहिलो कार्यकालदेखि सुरु भएका बहुवर्षीय आयोजना हुन् । राजनीतिक अस्थिरता, बजेट विनियोजन प्रणालीमा समस्या र स्पष्ट नीतिको अभावजस्ता कारण कतिपय आयोजना अलपत्र परेका छन् भने निर्माण सम्पन्न भएका पनि सञ्चालन मोडालिटीको अभावमा प्रयोगविहीन बनेका छन् ।

प्रदेश सरकारले ४७ करोड ३३ लाख २४ हजार रुपैयाँको लागतमा हेटौँडामा निर्माण गरेको धुलो दुध कारखानाको निर्माण सम्पन्न भएको छ । तर सञ्चालनको मोडालिटी नबन्दा अलपत्र छ । हाल कामचलाउ रुपमा दुग्ध विकास संस्थानले सञ्चालन गरेपनि प्रदेश सरकारको लगानीले प्रतिफल दिन सकेको छैन । हेटौँडा उपमहानगर पालिकासँगको सहकार्यमा २८ करोड ३६ लाख ५६ हजार रुपैयाँ लागतमा हेटौँडामा निर्माण थालिएको प्रादेशिक कृषि थोक बजार बन्द छ । संरचना तयार भएपनि योजनाबद्ध रुपमा सञ्चालन गर्ने योजना बन्न सकेको छैन ।

प्रदेशका विभिन्न जिल्लामा फलफूल तथा तरकारी भण्डारणका लागि साझेदारी लगानीमा निर्माण सुरु भएका १२ वटा शीत भण्डार पनि अलपत्र अवस्थामा छन् । स्पष्ट नीति अभावमा निर्माण व्यवसायीले हस्तान्तरण गर्न सकेका छैनन् भने केही सञ्चालनमा आएपनि प्रभावकारी बन्न सकेका छैनन् । ती आयोजनामा प्रदेश सरकारले एक अर्ब १७ करोड ३० लाख रुपैयाँ लगानी गरेको छ । प्रदेशमा करोडौं लगानीमा बनाइएका ११ वटा भ्युटावर अलपत्र बनेका छन् । २०७६ सालदेखि बनाउन सुरु गरिएका उक्त भ्यु टावरका लागि ३३ करोड खर्च भएको छ । प्रदेशका मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, चितवन, रामेछाप, सिन्धुली, धादिङ र दोलखामा कुल ३२ करोड ८४ लाख ३ हजार ३ सय रुपैयाँ बजेटबाट भ्युटावर निर्माण गरिएको थियो ।

योजना छनोट, बजेट विनियोजन तथा कार्यान्वयनमा देखिने कमजोरी र प्रभावकारी अनुगमन प्रणालीको अभावले प्रदेश सरकारको विकासको लक्ष्यमा नै असर परेको देखिन्छ । समयमै सञ्चालन मापदण्ड र कार्यविधि बनाएर यी संरचनालाई उपयोगमा ल्याउन नसके लगानी खेर जानेछ ।

**अध्ययन र औचित्यविनै लगानी गरियो : मन्त्री तामाङ**

बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले विगतमा अर्बौं रुपैयाँ लगानी गरेका अधिकांश आयोजना पर्याप्त अध्ययन, उपयोगिताको पहिचान र सञ्चालनको स्पष्ट मोडालिटीविना नै निर्माण गरिएकाले अलपत्र परेको बताए । अलपत्र आयोजनाहरुको तथ्यांक संकलन गरी व्यवस्थापनको काम अघि बढाइएको र अबदेखि स्पष्ट मापदण्ड र कार्यविधि बनाएर मात्रै बजेट विनियोजन गरिने उनले बताए ।

मन्त्री तामाङका अनुसार विगतमा आयोजना छनोट गर्दा त्यसको आवश्यकता, औचित्य र 'फिजिबिलिटी स्टडी' जस्ता आधारभूत पक्षमा ध्यान नदिइएकाले अहिले समस्या देखिएको हो । 'शीत भण्डार, पाउडर प्लान्ट, थोक बजार, भ्यु टावर जस्ता अर्बौं लगानीका संरचना बनेपनि कार्यान्वयनमा आउन नसकेको र अलपत्र अवस्थामा छ,' उनले भने, 'विगतमा बनेका धेरै आयोजना हस्तान्तरण समेत गर्न सकेका छैनन् । कतिपय अधुरै छन् ।'

आयोजनाहरुको सञ्चालन मोडालिटीको अभावमा अलपत्र परेको मन्त्री तामाङले बताए । साझेदारीमा बनाइएका यस्ता आयोजनामा स्थानीय तह र सहकारीहरूले कबुल गरेअनुसार लगानी नगर्दा पनि निर्माण कार्य अधुरो रहेको उनको भनाइ छ । विगतमा 'पहिला बजेट विनियोजन गर्ने, अनि मात्र मापदण्ड बनाउने' गलत अभ्यास रहेकाले त्यसमा सुधार आवश्यक रहेको मन्त्री तामाङले बताए ।

सरकारले प्रदेशको सडक मापदण्डलाई समेत परिमार्जन गर्ने तयारी गरेको मन्त्री तामाङले बताए । पहाडी जिल्लाहरूमा कम सवारी चाप हुने ठाउँमा पनि २४ मिटरको फराकिलो सडक मापदण्ड अव्यावहारिक देखिएकाले त्यसलाई संशोधन गरी स्रोतको सही सदुपयोग गरिने उनले बताए । अलपत्र परेका संरचनाहरूको व्यवस्थापनका लागि पीपीपी (सार्वजनिक-निजी साझेदारी) मोडेल वा प्रदेश सरकार आफैंले सञ्चालन गर्ने विकल्पमा काम भइरहेको मन्त्री तामाङले बताए ।

*(स्रोत: रातोपाटी)*

**जुवातास जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।**

खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा

- ☞ पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- ☞ दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना.
- ☞ त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- ☞ जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना